# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मङ्सीर १७ गते २०३१ साल

श्री ५ को सरकार

### खाद्य कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विकास कार्यालय नवलपरासीको भवन निर्माणको लागि लुम्बिनी अञ्चल, नवलपरासी जिल्ला, परासी आदर्श गाउँ पञ्चायत वडा नं. ६ को निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि.नं. ३० को बाँकी रहेको जग्गा, पश्चिम पञ्चायत भवन एरियाको सिमाना, उत्तर कि.नं. १८, दक्षिण कि.नं. ८९ यति ४ किल्लाभित्रको कि.नं. ३० मध्येबाट ०–९–१७ (नौ कट्ठा सत्र धुर) को मालपोत अङ्क रू. २१।६७ (एक्काईस रुपैयाँ सतसट्ठी पैसा) को कित्ता।

६३९

आज्ञाले–

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।